# शान्तिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिराघाट, दाङ

५ नं. प्रदेश, नेपाल

## नदी जन्य पदार्थको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति २०७६/०७/३०**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, शान्तिनगर गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदी जन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम देहायका शीर्षकहरूमा राजस्व असूली सम्बन्धी काम आ.व. २०७६/०७७ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरूले शिलबन्दी बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०७६/०७७ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदी बिक्रि ( स्वीकृत खानी क्षेत्र वाहेक) संकलन तथा बिक्री परिमाण (घन फिटमा) | आ.व. ०७६/०७७ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदि बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) प्राकृतिक श्रोत बिक्री शुल्क रु. प्रति घनफिट | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा बिक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट बाहेक) | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| ०२/SRMNCB/०७६/०७७ | बौलाह खोलाको विष्णुपुर घाट | ४४४५२८। | रू ६।०० | २६,६७,१६८। | रू ३,०००। |
| १२/SRMNCB/०७६/०७७ | बागर खोलाको खिलतपुर घाटमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि | ४९३९२०। | रू ६।०० | २९,६३,५२०। | रू ३,०००। |
| १३/SRMNCB/०७६/०७७ | बबई नदिको गैरातिल्वारी घाटमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि | ६८७९६०। | रू ६।०० | ४१,२७,७६०। | रू ३,०००। |
| १४/SRMNCB/०७६/०७७ | बबई नदिको देविपुर घाटमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि | ५७३३००। | रू ६।०० | ४३,३९,८००। | रू ३,०००। |

**ठेक्का सम्बन्धि शर्तहरू**

१.माथि उल्लेखित ठेक्काहरूको लागि बोलपत्र फाराम खरिद गरी भरी पेश गर्नु पर्नेछ ।

२.ठेक्का अवधि आ.व. २०७६/०७७ जेठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधीमा पनि बिक्री निकासी गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारू नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन । IEE प्रतिवेदनले निषेध गरको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री तथा निकासी गर्न सकिनेछ ।

३.ठेकेदारले ठेक्का सम्झौता गर्न आउँदा कबोल अङ्क पुरा १३ प्रतिशत मुल्य अभिबृद्धि कर र १.५ अग्रिम आयकर वापतले हुन आउने जमा रकम एकमुष्ट जम्मा गरी सम्झौता गर्नुपर्नेछ । किस्ताबन्दीमा रकम बुझाउने गरी सम्झौता गरिने छैन ।

४.धरौटी वापत कबोल गरको अंकको ५ प्रतिशत रकम यस शान्तिनगर गाउँपालिका दाङको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखा स्थित बैंक धरौटी खाता नं ०७७०१४००२५००३० मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) शिलबन्दी बोलपत्र साथ संलगन गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५.कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६.शिलबन्दी बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

७.ठेक्कामा कुनै विवाद भएमा शान्तिनगर गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

८.उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजे अर्थात मिति २०७६/०८/३१ को १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ सोही दिन दिनको २ :०० बजे शान्तिनगर गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

९.शिलबन्दी बोलपत्र फारामहरू खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

१०.यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त बोलपत्र साथ संलगन गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरूका प्रत्येक बुँदाहरू यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

११.यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरू पूरा नभएका बोलपत्रहरू मूल्यांकनमा समावेश गरिने छैन ।

१२.अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत